# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५३) काठमाडौं, वैशाख १ गते २०६० साल (अतिरिक्ताङ्क १

## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबार

**श्री ५ महाराजाधिराज ज्ञानेन्द्रवीरविक्रम शाहदेवबाट नयाँ वर्ष २०६० सालको उपलक्ष्यमा देशवासीका नाममा बक्सेको सन्देश**

प्यारा देशवासीहरू,

नव वर्ष २०६० को शुभारम्भमा स्वदेश र विदेशमा रही बसेका समस्त नेपालीको सुख, सुस्वास्थ्य र समृद्धिका लागि शुभकामना व्यक्त गर्न पाउँदा हामीलाई खुसी लागेको छ । नयाँ वर्षको शुभबिहानीमा नयाँ आशाको सञ्चार हुनु स्वाभाविकै हो । अझ यो नयाँ दशकको सुरुआत पनि हो ।

हिंसात्मक गतिविधि र विकासका पूर्वाधारहरू विध्वंसको चपेटामा पर्ने क्रम बढिरहेको अवस्था तथा राजनीतिक अस्थिरता र अन्यौलको पृष्टभूमिमा २०५९ साल सुरु भएको थियो । विगत ६ महिनादेखि परिस्थितिमा सुधार आएको कुरा सबैलाई अनुभव भएकै छ । परिणामस्वरूप, आम जनतामा आशा र उत्साह पलाउन र अन्तर्राष्ट्रिय समुदायको समेत भरोसा पुनर्स्थापित हुन थालेको अवस्थामा नयाँ वर्ष २०६० प्रारम्भ भएको छ । हँसिलो मुहार देख्ने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अठोट बोकेका नेपाली हाँसेर बाँच्न पाऊन्, गोधूलिमा भरे चुल्हो बल्छ भन्ने विश्वास लिन सकून् र नेपालीको घर-आँगनमा सम्पन्नता छाओस् भन्ने हाम्रो चाहना छ । शान्ति, सुरक्षा र सुशासन नै स्थायित्वका मूल आधार भएकाले यसलाई बलियो बनाउँदै देशलाई प्रगतिको दिशातिर उन्मुख गराई आमजनतालाई सुन्दर भविष्यप्रति विश्वस्त तुल्याउनु आजको आवश्यकता भइसकेको छ ।

अन्तमा, जनताको चाहना र भावनालाई सम्मान गरेर नव वर्ष २०६० लाई देश र जनताको पक्षमा उपलब्धिमूलक बनाउन हामी सबै सङ्कल्परत रहौं यही हाम्रो शुभकामना छ ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !

हुकुम बक्सेबमोजिम
मो.सु. पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।